# ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : २४ प्रकाशित मिति : २०७९/११/०३


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा (४) को (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०२

## बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०७९

**प्रस्तावनाः**

बालिका र अपाङ्गता भएका बालिकाको शिक्षा, संरक्षण तथा सुरक्षाका अधिकारहरूलाई प्रवर्द्धन गरी लैङ्गिक हिंसामा कमी ल्याउन र बालिकाले सामना गर्नुपरेका शैक्षिक अवरोधहरूको सम्बोधन गर्न र सिकाइलाई दिगो रूपमा जीवन पर्यन्त निरन्तरता दिन र ताँजाकोट गाउँपालिकाले गर्ने नीति निर्माण प्रक्रियामा उनीहरूको आवाज उठाउन स्वतन्त्र सरोकारवाला समूहको रुपमा बालिका तथा समावेशी शिक्षा सञ्जाललाई संस्थागत गर्न वाञ्छनीय भएकाले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालनका लागि कार्यविधि जारी गरिएको छ।

(१) **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "**बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि**, २०७८" रहेको छ।

(२) **लागु हुने मिति र क्षेत्रः** यो कार्यविधि ताँजाकोट गाउँपालिकको राजपत्रमा प्रकाशित भएको मितिदेखि गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ।

(३) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले ताँजाकोट गाउँपालिकालाई बुझाउँछ।

(ख) "समावेशी शिक्षा" भन्नाले शिक्षा ऐन, २०२८ (आठौँ संशोधन) को दफा ३ को उपदफा ३ (घ १ क) बमोजिमको शिक्षालाई बुझाउँछ।

(ग) "सञ्जाल" भन्नाले यसै कार्यविधि बमोजिम गठित समितिलाई बुझाउँछ।

(घ) "बालिका" भन्नाले विद्यालय तहको शिक्षा अध्ययन गर्ने उमेर समूह (४-१७ वर्ष) का बालिकाहरु सम्झनुपर्दछ।

(ङ) "अपाङ्गता भएका व्यक्तिहरु" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ को अनुसूची १ मा उल्लेख भएका परिभाषा र वर्गीकरण सम्झनुपर्दछ।

(च) "सदस्य" भन्नाले यसै कार्यविधि बमोजिमका शिक्षा सञ्जालका सदस्यहरुलाई सम्झनुपर्दछ।

(छ) "दिदी बहिनी सञ्जाल" भन्नाले समुदाय वा विद्यालय स्तरमा बालिका तथा समावेशी शिक्षा लाई प्रवर्द्धन गर्ने उद्देश्यले गठन भएको समूह वा समितिलाई सम्झनुपर्दछ।

(४) **गाउँपालिकास्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठनः**

(१) ताँजाकोट गाउँपालिकामा देहाय बमोजिमको गाउँपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन हुनेछः

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको व्यक्ति एक जना - संयोजक

(ख) सामाजिक विकास समितिका संयोजक - सदस्य

(ग) गाउँपालिका शिक्षा समितिका अध्यक्षले गाउँपालिका शिक्षा समितिका महिला सदस्यहरु मध्येबाट मनोनित गरेको एक जना - सदस्य

(घ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले तोकेको एक जना - सदस्य

(ङ) संस्थागत विद्यालयका संस्थापकहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले तोकेको एक जना - सदस्य

(च) गाउँपालिका क्षेत्रभित्र लैंगिकताका क्षेत्रमा काम गर्ने गैह सरकारी संस्थाबाट गाउँपालिका अध्यक्षबाट मनोनित एक जना - सदस्य

(छ) सामुदायिक विद्यालयका लैंगिक सम्पर्क व्यक्ति मध्येबाट गाउँपालिका अध्यक्षबाट मनोनित एक जना - सदस्य

(ज) दलित वा मुस्लिम वा अपाङ्गता भएका महिला मध्येबाट गाउँपालिकाको अध्यक्षबाट मनोनित प्रतिनिधि दुई जना - सदस्य

(झ) गाउँपालिका बाल अधिकार समितिका अध्यक्ष - सदस्य

(ञ) नेपाल प्रहरीबाट प्रतिनिधि एक जनामहिला प्रहरी - सदस्य

(ट) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधि एक जना - सदस्य

(ठ) गाउँपालिकाका शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(ड) गाउँपालिकाभित्रका माध्यमिक विद्यालय मध्येबाट विद्यार्थी दुई जना (एक जना छात्रा र एक जना छात्र) आमन्त्रित सदस्य र पालिका भित्र विद्यालय नर्सको अभ्यास भएमा आवश्यकता अनुसार प्रतिनिधि मूलक रुपमा आमन्त्रण गर्न सकिनेछ।

(ढ) गाउँपालिका भित्रका लैंगिक तथा समावेशी शिक्षा क्षेत्रमा काम गर्ने समुदायमा आधारीत संस्थाहरु, समूहहरु, बाल क्लब मध्येबाट अध्यक्षले तोकेको १ जना - सदस्य आमन्त्रित

**(५) गाउँपालिकाको बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठकः**

(१) सञ्जालको गणपूरक संख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ। तर समितिको बैठकमा गणपूरक संख्या नपुगी लगातार दुई पटक बैठक स्थगित भएमा तेस्रो पटक कम्तिमा एक चौथाइ सदस्य उपस्थित भएमा बैठक बस्न सक्नेछ।

(२) सञ्जालको बैठक वर्षमा कम्तिमा ४ पटक बस्ने छ। सञ्जालको बैठक आवश्यकता अनुसार जुनसुकै बेला पनि बस्न सक्नेछ। सञ्जालको बैठकमा विषयगत विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(३) सञ्जालको बैठक सम्बन्धी अन्य कार्यविधि सञ्जालले तोके बमोजिम हुनेछ।

(६) **गाउँपालिकाको बालिका तथा समावेशी शिक्षा सब्जालको काम, कर्तव्य र जिम्मेवारीः**

(१) गाउँपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) गुनासो सुनुवाइ कार्यविधि अनुसार गाउँपालिका भित्रका विद्यालयहरुमा गुनासो सुनुवाई समिति गठन गर्न र समितिलाई क्रियाशील बनाउन पहल गर्ने।

(ख) विद्यालयस्तरमा गुनासो संकलन गर्ने, प्राप्त गुनासोहरुको वर्गीकरण गर्न र प्राथमिकीकरण गरी त्यसलाई सम्बोधन गर्न आवश्यक सहजीकरण गर्ने।

(ग) विद्यालयस्तरमा सम्बोधन हुन नसकेका गुनासोहरुलाई समाधानका लागि सम्बन्धित निकायमा रिपोर्टिङ गर्न पहल गर्ने।

(घ) विद्यालयमा गुनासो सुनुवाई समितिको लागि आवश्यक प्रतिनिधिको व्यवस्था मिलाउने। विद्यालयले गुनासो सुनुवाइ कार्यविधि अनुसारका सुझाव पेटिका तथा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था गरे नगरेको अनुगमन गरी आवश्यक निर्देशन दिने।

(ङ) विद्यालयस्तरमा परेका तथा सम्बोधन गरिएका गुनासाहरुको अध्यावधिक विवरण लिई राम्रो कार्य गर्ने विद्यालय तथा फोकल शिक्षकलाई पुरस्कृत तथा प्रोत्साहन गर्न गाउँपालिकामा सिफारिस गर्ने।

(च) निरन्तर रुपमा आउने गरेका गुनासाहरुलाई मुद्दाका रुपमा सम्बोधन गर्न गाउँपालिकाको वार्षिक तथा आवधिक योजनाहरुमा समावेस गर्न पहल गर्ने।

(छ) विद्यालयहरुमा गुनासो सुनुवाइ संयन्त्र सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्न पहल गर्ने।

(ज) विद्यालयमा लैंगिक, जातीय तथा अपाङ्गतामा आधारित हिंसा तथा अन्य बहिष्करणको पहिचान गरी न्यूनीकरणको लागि पहल गर्ने।

(झ) विद्यालयमा हुने लैंगिक हिंसा, भेदभाव तथा दण्ड सजाय जस्ता गतिविधिहरुलाई न्यूनीकरण गर्न आवश्यक पहल गर्ने।

(ञ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अन्य समितिको गठनमा लैगिक र सामाजिक प्रतिनिधित्व सुनिश्चिताको लागि पहल गर्ने।

(७) **अन्य सेवा सुविधाः**

(१) सञ्जालका पदाधिकारीहरुको अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

(८) **सञ्जालका सदस्यहरुको भूमिकाः**

(१) सञ्जालका सदस्यहरुको भूमिका देहायबमोजिम हुनेछः

(क) बालिका र अपाङ्गता भएका बालबालिकाहरूका लागि शिक्षा प्रतिको पहुँच अभिवृद्धि गर्न सहयोग गर्ने ।

(ख) शिक्षामा लैंगिक समानता प्रवर्द्धन गर्न स्थानीय सरकार र विद्यालयहरूलाई सहयोग गर्ने ।

(ग) सदस्यहरुले विद्यालय बालिका र अपाङ्गता भएका बालिकाहरुलाई अनुशिक्षण र सहयोग सम्बन्धी तालिममा सक्रिय सहभागिता जनाउने ।

(घ) सदस्यहरूले समुदायमा सञ्जाल निर्माण गर्ने ।

(ङ) विद्यालय जाने, विद्यालय छाडेका, विद्यालय बाहिर रहेकार अपाङ्गता भएका बालबालिकाहरूको निरन्तर शिक्षाका लागि सहयोग जुटाउन स्थानीय सरकार र साझेदार संस्थाहरुसँग समन्वय गर्ने र उपयुक्त सेवाहरूको लागि मार्गदर्शन र पक्षपोषण गर्ने ।

(च) समुदायमा रेडियो/टेलिभिजन कार्यक्रमहरूको स्रोता समूह गठन गर्ने ।

(छ) मोबाइल फोन नम्बर तथा सामाजिक सञ्जालमा क्लोज युजर ग्रुप र ग्रुप पेज बनाई श्रव्य, दृश्य र श्रव्य-दृश्य माध्यमाबाट कन्फरेन्स कल तथा कनभरसेसन गरी आपसी सञ्चार कायम गर्ने ।

(ज) सङ्क्रमण तथा विपद्‌को समयमा समयमै सञ्चार प्रवाह गरी विपद् पूर्व तथा प्रतिकार्यका कार्यहरु गर्ने ।

(झ) विद्यालय स्तरमा गुनासो संकलन गर्न, प्राप्त गुनासोहरुको वर्गीकरण गर्न र प्राथमिकीकरण गर्ने र सम्बोधन हुन नसकेका गुनासोहरुलाई समाधानका लागि सम्बन्धित निकायमा रिपोर्टिङ गर्ने, गुनासो सुनुवाइ कार्यविधि अनुसारका सुझाव पेटिका तथा गुनासो सुनुवाई संयन्त्र निर्माण गर्नको लागि सहजिकरण गर्ने ।

(९) **सदस्यहरुका लागि अवसर प्रदान गर्न सकिनेः**

(१) सञ्जालका पदाधिकारी तथा सदस्यहरुको क्षमता विकास र नेतृत्व सीप विकासका लागि स्थानीय तह तथा साझेदार संस्थाहरुबाट निर्धारण भए बमोजिम अनुशिक्षण, कार्मक्रमहरुमा क्षेत्र भ्रमण, कार्यशाला र अन्तरक्रिया जस्ता कार्यक्रमहरुमा सहभागी हुने अवसर प्रदान गर्न सकिनेछ।

(२) मूल्यांकनबाट उत्कृष्ट ठहरिएका सदस्यहरुलाई रोल मोडल चयन गर्न सकिनेछ।

(१०) **थप कार्यसूची बनाउन सक्ने**: यस कार्यविधि बमोजिम विद्यालयले आफ्नो कार्यसूची तयार गर्न सक्नेछन्।

(११) **विविधः**

(१) यस कार्यविधिमा रहेको व्यवस्था कार्यान्वयन गर्न बाधा अडकाउ परेमा अन्तिम निर्णय गर्ने अधिकार कार्यपालिकामा रहने छ।

(२) यस कार्यविधि अन्तरगत भएको व्यवस्था सोही बमोजिम र नभएकाको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

(३) यस कार्यविधिमा रहेको प्रावधानहरु प्रचलित संविधान, संघीय, प्रदेश तथा स्थानीय कानूनसँग बाझिएको हकमा यस कार्यविधिका बुँदाहरु बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन्।

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकय अधिकृत